# स्थानीय राजपत्र

साकेला गाउँपालिका, स्थानीय सरकारद्वारा प्रकाशित

मितिः-२०७८-१०-११

खण्ड १

स्थानीय सरकार

साकेला गाउँपालिका, मानेभञ्याङ ,खोटाङ

## लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

# साकेला गाउँपालिका

## लैङगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

प्रमाणिकरण मितिः-

२०७८-१०-०७

प्रमाणिकरण गर्नेः-

नाम,थरः- अर्जुन कुमार खड्का

पदः- गाउँपालिका अध्यक्ष

दस्तखतः-

मितिः- २०७८।१०।०६

अर्जुन कुमार खड्का
गाउँपालिका अध्यक्ष

साकेला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको साकेला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१)योकार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारीत भई राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :- (क) "शाखा" भन्नाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारणका लागि स्थापित स्थानीय राहत तथा उद्धार कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले संघीय सरकारको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय राहत तथा उद्धार समिति सम्झनु पर्छ ।

**३. कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम

(ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

गाउँपालिका कार्यपालिकाको कार्यालय

(३) उपनियम (१) बमोजिमको रकम स्थानीय बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन समितिको सदस्य सचिव र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्ने :** महिला हक हीतको क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको गाउँपालिकाले तोकेको प्रतिशत बराबरको रकम नघटाई कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदानको रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**७. समितिको गठन :** (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक स्थानीय राहत तथा उद्धार समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) साकेला गाउँपालिका उपाध्यक्ष- अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) प्रशासनशाखाको अधिकृत स्तरको कर्मचारी- सदस्य

(घ) ईलाका प्रहरी कार्यालयको अधिकृत स्तरको प्रतिनिधि- सदस्य

(ङ) सामाजिक विकास समितिका संयोजक- सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना- सदस्य

(छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ज) प्रमुख महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा- सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (च) बमोजिमको सदंस्यको पदावधि २ वर्षको हुनेछ ।

(४) समितिको सचिवालयको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा रहनेछ ।

(५) उक्त समितिले चौमासिक रुपमा प्रतिबेदन तयार गरी कार्यपालिकाको बैठकमा अनुमोदनको लागि पेश गर्नुपर्नेछ ।

**८. स्थानीय राहत तथा उद्धार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) लैङ्गिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने,

(ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) गाउँपालिका क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

(झ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ञ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ट) जिल्लास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरुबीच समन्वय गर्ने,

(ठ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**९. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०.कोषलाई रकम उपलब्ध गराउने : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाउँपालिकाले प्रत्यक वर्ष अनिवार्य रुपमा कोषमा रकम विनियोजन गर्नेछ ।

११.राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार : (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछः-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन छ सय रुपैयाँ र बास बस्नु पर्ने सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रुपैयाँको दरले बढीमा दश हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन छ सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन चार सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा बीस हजार रुपैयाँ,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दश हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा तीस हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पन्ध्र हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) उपदफा (१) को खण्ड (क) देखि (च) सम्मको रकम प्राप्त गर्ने पिडित व्यक्तिले तोकिए बमोजिमका कागजातहरु समिति समक्ष पेश गर्नुपर्नेछ।

१२.**राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले नियम ११ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१३. **तत्काल रकम उपलब्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१४.**कोषको लेखा र लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ । (२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१५.**"स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान रकम" :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा विनियोजित रकम गाउँपालिकामा रहेको विपन्न नागरिक सहयोग कोषमा रहनेछ । स्थानीय राहत तथा उद्धार समितिको सिफारिसमा परिचालन गरिनेछ ।

१६. **प्रतिवेदन पेश गर्ने :** (१) समितिले प्रत्येक चौमासिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरि अनुमोदन गराउनुपर्नेछ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले उपनियम (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१७. अनुगमन गर्न सक्नेः- लैंगिक हिंसा निवारण कोषको उपयोगको अवस्था, प्रतिवेदनको अवस्था, लाभग्राहीहरुको छनौट तथा सेवाको अवस्था,कोषको प्रयोगको बखतमा कसैबाट गुनासो प्राप्त भएमा सो को संवोधन समेतको लागि गाउउँपालिका अध्यक्षबाट दफा (७) बमोजिम गठन भएको समितिको कामकारबाहीको अवलोकन, अनुगमन तथा निरिक्षण हुन सक्नेछ ।

**१८. बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् । अन्यत्र जे सुकै लेखिए तापनि महिनाको २ पटक भन्दा बढी बसेको बैठकको भत्ता पाइने छैन ।

**१९..निर्देशन दिन सक्ने :** (१) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२०. .वाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

**२१..खारेजी र बचाउ :** यस कार्यविधि बमोजिम भए गरेका कामकारवाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन् ।

## अनुसूची (दफा १२ सँग सम्बन्धित )

श्री अध्यक्षज्यू स्थानिय उद्धार तथा राहत समिति

साकेला गाउँपालिका, खोटाङ

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

म ...................................... मा बस्ने वर्ष............ को .............. मिति.............मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (......................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवम् परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनस्थापना/अन्य.................................. कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

आज्ञाले,

निवेदकको:- नाम थर:...................................

ठेगाना:...........................................

दस्तखत:.........................................

मिति:............................................

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ, १ नं प्रदेश नेपाल
स्था: २०७३